# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, माघ २४ गते २०४५ साल (संख्या ४२

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हिम चितुवा अङ्कित निम्न डिजाईन, नाप, तौलको असर्फी र चाँदीको स्मारिका सिक्का सिङ्गापुर मिन्टद्वारा ढकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ।

अग्र भागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४५ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भागः– (क) असर्फीतर्फः– (१) १ औंसको असर्फीमा वरिपरि ६४ थोप्लाभित्र माथि अंग्रेजीमा 1 oz 999.9 FINE GOLD एवं बायाँ ASARFI दायाँ 1988 रही बीचमा हिम चितुवाको तस्वीर र तल NEPAL अङ्कित रहनेछ।

उपरोक्त असर्फीको अन्य विवरण यसप्रकार रहनेछः–

| तौल | व्यास | सिरेशन | अधिकतम मुद्रण | |
|---|---|---|---|---|
| | | | अनसर्कुलेटेड | प्रुफ क्वाईन |
| १ औंस | ३२.०५ मि.मि. | भएको | १०,००० (दश हजार) | २,००० (दुई हजार) |

222

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।